जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक ६३ २०८३ साल असोज १६ गते शुक्रबार (2 Oct 2026 Friday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**चट्याङको समयमा सर्तक रहौं**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

*यस अंक भित्र :* २ पृष्ठमा : बाढी प्रभावित क्षेत्रमा... ३ पृष्ठमा : शिक्षा क्षेत्रमा नीतिगत सुधारदेखि... ३ पृष्ठमा : मोदीद्वारा भारतीय पाइलटको...

# अस्पताललाई व्यवस्थित, सुरक्षित र प्रभावकारी रूपमा संचालनका लागि सबै पक्षको सहयोग आवश्यक : निमित्ति मेसु झा



**दैनिक समाचारदाता**
**राजविराज, १५ असोज ।**

गजेन्द्रनारायण सिंह अस्पताल राजविराजका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. रञ्जितकुमार झाले अस्पतालको नयाँ भवनबाट सेवा सञ्चालन गर्न कठिनाई भएपनि व्यावहारिक रुपमा अतिआवश्यक सेवाहरु नयाँ भवनबाटै छिट्टै संचालनमा ल्याइने जनाएका छन् ।

ती कठिनाइ समाधानका लागि राजनीतिक दल, स्थानीय संघसंस्था तथा नागरिक समाजबाट पूर्ण सहयोग र समन्वय गरि नयाँ भवनबाट सेवाहरु संचालनमा ल्याइने प्रतिबद्धता व्यक्त गरे ।

अस्पतालमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा डा. झाले सर्वदलीय बैठकबाट अस्पताल सुधारका लागि दिर्घकालिन रुपमा विभिन्न निर्णयहरू गरिएको समेत जनाए ।

पत्रकार सम्मेलनमा निमित्त मेसु डा. झाले सर्वदलीय बैठकका निर्णय सार्वजनिक गर्दै अस्पताललाई व्यवस्थित, सुरक्षित र प्रभावकारी रूपमा सञ्चालन गर्न सबै पक्षको सहयोग आवश्यक रहेको बताए ।

उनले अस्पताल सुधारका लागि आफूले चालेको कदमहरु बारे जानकारी दिदै इमरजेन्सी वाडमा चार जना महिला कर्मचारीलाई डियुटीमा राखिएको बताए । उनले अस्पताल परिसरमा सरसफाईमा हेलचक्राई भइरहेको बारे ब्यापक रुपमा जनगुनासो आएकोमा बैठकबाट सरसफाईको जिम्मा निजि कम्पनीलाई दिने निर्णय समेत भएको जनाए ।

५० शैयाको अस्पतालमा हाल १ सय ५० शैया बराबरको सेवा प्रदान गर्दै आइरहेको जानकारी दिँदै निमित्त मेसु डा. झाले अस्पतालमा दैनिक रुपमा ६ देखी ७ सयको हाराहारीमा बिरामीहरुलाई सेवा दिदै आएको उल्लेख गरे ।

सोही पत्रकार सम्मेलनमा डा. झाले जातीय विभेद तथा चिकित्सकको सुरक्षाको विषयलाई समेत गम्भीरतापूर्वक लिइएको जनाए । स्वास्थ्य सेवामा समर्पित चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि हुने कुनै पनि प्रकारको जातीय विभेद, धम्की वा आपराधिक गतिविधिले समाजको कानुनी, मानवअधिकार तथा सामाजिक सद्भावमा गम्भीर असर पार्ने भन्दै त्यस्ता गतिविधि नियन्त्रण गर्नुपर्नेमा सर्वदलिय सर्वपक्षिय बैकठमा गम्भिरतापूवर्क छलफल भएको जनाए ।

सम्बन्धित चिकित्सकले अस्पताल प्रमुख, नेपाल प्रहरी तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलगायतका निकायमा लिखित निवेदन दिएको भए पनि दोषीमाथि प्रभावकारी कारबाही प्रक्रिया अघि नबढेको विषयमा समेत बैठकमा छलफल भएको जनाइएको छ । घटनाबारे चिकित्सकले दिएको अन्तर्वार्ताबाट थप तथ्य बाहिर आएको अवस्थामा अस्पताल प्रशासनले यथाशीघ्र कानुनी प्रक्रिया अघि बढाई स्वास्थ्य तथा खाद्य स्वच्छता

***बाँकी अन्तिम पृष्ठमा***

# बाढी प्रभावित ७० परिवारलाई राहत वितरण



**दैनिक समाचारदाता**
**राजविराज, १५ असोज ।**

कोशी नदीको बाढीबाट प्रभावित हनुमाननगर कंकालिनी नगरपालिका वडा नं ११ का ७० परिवारलाई विहीवार राहत वितरण गरिएको छ ।

युनाइटेड मिशन टु नेपालको सहयोगमा सबल नेपालद्वारा संचालित शिक्षा सुरक्षा कार्यक्रम अन्तर्गत खाद्यान्न सामग्री वितरण गरेको हो ।

सबल नेपालले प्रति परिवार २५ किलो चामल, ४ किलो दाल, २ किलो चना, २ लिटर खाने तेल, १ किलो सोयाबिन, १०० ग्राम जिरा र १०० ग्राम हल्दी वितरण गरिएको सबल नेपालका अध्यक्ष जुना गिरीले जानकारी दिए ।

हनुमाननगर कंकालिनी नगरपालिकाका नगरप्रमुख वीरेन्द्र माझी, युनाइटेड मिशन टु नेपालका जिल्ला परियोजना व्यवस्थापक सुरज सुनार, सबल नेपालका कार्यकारी निर्देशक दिपक झा, जनचेतना अभियान नेपालका कार्यकारी निर्देशक जुही ठाकुर सहितकाले राहत वितरण गरेका थिए ।

# विद्युत् मर्मत गर्ने क्रममा करेन्ट लागेर युवकको मृत्यु

**दैनिक समाचारदाता**
**जनकपुर, १५ असोज ।**

बिजुलीको पोलमा चढेर विद्युत् मर्मत गर्ने क्रममा करेन्ट लाग्दा बिहीबार एक युवकको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार मृत्यु हुनेमा क्षिरेश्वरनाथ नगरपालिका-९ औराहा टोलका ३२ वर्षीय श्रवण साह छन् ।

छिमेकीले आफ्नो घरको विद्युत् बिग्रिएको भन्दै मर्मत गरिदिन आग्रह गरेपछि साह बिजुलीको पोलमा चढेका थिए । पोलमा चढेर मर्मत गर्ने क्रममा उनलाई करेन्ट लागेको धनुषाका प्रहरी प्रवक्ता एवं डीएसपी ओमप्रकाश खनालले बताए ।

# मोटरसाइकल दुर्घटनामा युवकको मृत्यु

**दैनिक समाचारदाता**
**रौतहट, १५ असोज ।**

रौतहटको बौधीमाई नगरपालिकाको बङ्कुल बजार नजिक मोटरसाइकल दुर्घटना हुँदा एक युवकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा जिल्लाको परोहा नगरपालिका-९ स्थायी ठेगाना भई हाल बौधीमाई नपा-९ मा रहँदै आएका करिब २८ वर्षीय दीपेन्द्र दास रहेको प्रहरीले जनाएको छ ।

भारतीय नम्बर प्लेटको मोटरसाइकलबाट स्थानीय मौलापुर-बङ्कुल सडकमा बिहीबार बिहान यात्रा गरिरहेको अवस्थामा मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा निजको मृत्यु भएको बङ्कुल प्रहरी चौकीका सहायक निरीक्षक रमेशप्रसाद यादवले जानकारी दिए ।

रोजगारीका सिलसिलामा विदेश गई एक हप्ताअघि मात्र गाउँ फर्केका मृतक दास मौलापुरस्थित ससुराली घरमा बस्दै आएको र निजको श्रमतीसहित दुई छोरी रहेको बौधीमाई नपा-९ का वडाअध्यक्ष मुक्तिनारायण मिश्रले जानकारी दिए ।

# टिपर पल्टिँदा क्रसर उद्योग सञ्चालकको मृत्यु

**दैनिक समाचारदाता**
**जनकपुर, १५ असोज ।**

धनुषाको मिथिला नगरपालिका ३, लालभित्तिमा टिपर पल्टिँदा क्रसर उद्योग सञ्चालकको मृत्यु भएको हो ।

मृत्यु हुनेमा औरही बाबा बालुवा प्रशोधन उद्योगका सञ्चालक ३६ वर्षीय हरि महतो छन् ।

प्रदेश २-०२-००१ ख ०१७१ नम्बरको टिपरबाट बालुवा-गिट्टी ढुवानी गर्ने क्रममा पल्टिएर उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिए ।

गम्भीर घाइते महतोलाई उपचारका लागि जानकी मेडिकल कलेज, रमदैया लिगिएको थियो । उनको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । उक्त दुर्घटनामा टिपर चालक गणेशमान चारनाथ नगरपालिका-६, गोदारका ३० वर्षीय हरि विक घाइते भएका छन् ।

**कृत्रिम बुद्धिमत्ता (AI) को उचित प्रयोग गरौं**

- कृत्रिम बुद्धिमत्ताको प्रयोग मानव हित, नैतिकता र कानुनी व्यवस्था अनुसार गरौं,
- कृत्रिम बुद्धिमत्ताबाट प्राप्त जानकारीको सत्यता र विश्वसनीयता पुष्टि गरेर मात्र प्रयोग गरौं,
- व्यक्तिगत गोपनीयता र संवेदनशील जानकारीको सुरक्षा सुनिश्चित गरौं,
- कृत्रिम बुद्धिमत्ताको प्रयोगबाट गलत सूचना तथा भ्रमपूर्ण सामग्रीको प्रचारप्रसार नगरौं,
- शिक्षा, स्वास्थ्य, कृषि, उद्योग र सार्वजनिक सेवामा कृत्रिम बुद्धिमत्ताको उचित प्रयोगलाई प्रोत्साहन गरौं,
- डिजिटल सीप र कृत्रिम बुद्धिमत्तासम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मानव निर्णय, उत्तरदायित्व र पारदर्शितालाई प्राथमिकता दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### हेर्ने दृष्टिकोणमा फरक गरौं

गरिबी न्यूनीकरणका सवालमा दाता राष्ट्रहरूबाट आएको रकमको भोलुम र विकासोन्मुख मुलुकमा रहेका गरिबहरूलाई तुलना गरेर हेर्ने हो भने त्यही पैसा बाँडिदिएको भए पनि गरिबी हटिसक्नुपर्ने हो तर गरिबी झन् बढिरहेको छ। हाम्रो मुलुकमा सरकारी तथा गैरसरकारी तवरबाट समाजमा रहेको गरिबी न्यूनीकरणका लागि थुप्रै प्रयास भइरहेको छ। तर पनि गरिबीको प्रतिशत उस्तै छ।

गरिबी न्यूनीकरणको अत्यधिक रकम व्यवस्थापन तथा अन्य खर्चहरूमा नै सकिने गर्दछ। आफ्नो नाममा आएको रकमको प्रतिफल प्राप्त गर्नु आफूहरूको अधिकार हो भन्ने गरिबहरूलाई जानकारी नै छैन। योजना तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्यांकन, लाभांशको उपभोगजस्ता चरणहरूमा कसरी जाने भन्ने विषयमा गरिबलाई जानकारी नै हुँदैन। जे दिन्छन् सो हात थाप्नु नै आफ्नो कर्तव्य सम्झने हाम्रो सामाजिक परिपाटी विद्यमान छ। रकम ल्याउनुभन्दा अगाडी वास्तवमा के विषयलाई सम्बोधन गरियो भने गरबी हट्न सक्छ भनेर सम्बन्धित गरिबहरूसँग बसेर आवश्यकता पहिचानसमेत गरिँदैन।

हाम्रो समाजमा गरिबीकै कारण घरपरिवारमा दिनहुँ झगडा हुने र विछोड हुने घटना पनि सामान्य नै छन्। तसर्थ गरिबीलाई हेर्ने दृष्टिकोणलाई केवल पैसासँग मात्र नजोडी समाजमा रहेको विभेदकारी नीतिलाई तोड्न र सामाजिक चेतनालाई उकास्न सम्बन्धित निकाय अग्रसर हुनुपर्छ।

## बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**जनहीतका लागि : राजविराज दैनिक**

# बाढी प्रभावित क्षेत्रमा अब 'खोज तथा पुनःप्राप्ति' मा जाने सरकारको निर्णय

काठमाडौँ, १५ असोज (रासस)।

सरकारले रसुवाको भोटेकोशी नदीमा गएको बाढीबाट प्रभावित क्षेत्रमा 'खोज तथा पुनःप्राप्ति' ( सर्च एन्ड रिकभरी)लाई अगाडि बढाउने निर्णय गरेको छ।

सिंहदरबारस्थित गृह मन्त्रालयमा गृहमन्त्री सुधन गुरुङको अध्यक्षतामा सम्पन्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको ३७औं बैठकले बाढीले निम्त्याएको विषम परिस्थिति, खोज तथा उद्धार, राहत तथा अस्थायी बसोबासको समग्र समीक्षा गर्दै यस्तो निर्णय गरेको हो।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा धर्मराज उप्रेतीले पत्रकार सम्मेलनमार्फत जानकारी दिँदै खोजलाई अहिले जारी राखेको स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, "खोजलाई जारी राखेका छौँ, अझै पनि दुईवटा सुरुङ जारी छ, उद्धारको हकमा हामी नयाँ चरणमा प्रवेश गरेका छौँ, अब उद्धारभन्दा अगाडि बढेर पुनःस्थापनामा काम सुरु गरेका छौँ।"

प्रमुख डा उप्रेतीका अनुसार बाढीमा परी ज्यान गुमाएका नागरिकहरूको क्षतविक्षत शव पहिचानका लागि ठूलो परिमाणमा वैज्ञानिक विधिबाट फरेन्सिक परीक्षण भइरहेको छ। हाल दुईवटा विधि विज्ञान प्रयोगशालामा कूल तीन हजार ६८५ फरेन्सिक नमूनाको डिएनए परीक्षण प्रक्रिया जारी छ।

मन्त्रालयका अनुसार काठमाडौँको सामाखुसीस्थित नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशालामा एक हजार ९५७ र राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा एक हजार ७२८ नमूना परीक्षणका लागि प्राप्त भएका छन्। शव तथा अवशेषहरूको वैज्ञानिक परीक्षण र पहिचान कार्यलाई तीव्रता दिन विभिन्न मित्रराष्ट्रबाट अन्तरराष्ट्रिय विशेषज्ञ टोलीसमेत नेपाल आएर कार्यक्षेत्रमा खटिएका छन्।

हाल भारतबाट १९ जना, चीनबाट १५, दक्षिण कोरियाबाट तीन जना डिएनएविज्ञ, तथा संयुक्त राज्य अमेरिकाबाट तीन जना र सिङ्गापुरबाट दुई जना फिंगरप्रिन्टविज्ञ गरी पाँच देशका प्राविधिक टोलीहरू नेपालमा परिचालित छन्।

प्राधिकरणका अनुसार रसुवा-भोटेकोशी बाढी तथा मनसुनजन्य विपद्का कारण हालसम्म पाँच हजार २८५ जना बेपत्ता हुनुहुन्छ। बाढी प्रभावित क्षेत्रबाट हालसम्म कुल एक हजार ४५४ शव तथा मानव अवशेष फेला परेका छन्, जसमध्ये ११२ जनाको मात्र सनाखत हुन सकेको छ। फेला परेका शव तथा अङ्गहरूको प्रकृति हेर्दा ५८५ पुरुष, ३३६ महिला र पहिचान नखुलेका ५३३ वटा आंशिक मानव अङ्ग छन्।

हालसम्म फेला परेका एक हजार ४५१ शव तथा अवशेषमध्ये एक हजार २९२ शवलाई जमिनमुनि सुरक्षित रूपमा व्यवस्थापन गरिएको छ। साथै पहिचान खुलेका तथा अन्य प्रक्रिया पूरा भएका ११२ शव उनीहरूका परिवारलाई हस्तान्तरण गरिएको छ।

यसैगरी, बैठकमा बाढी प्रभावित क्षेत्रमा गत भदौ १० गतेदेखि परिचालित नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाललगायतका विभिन्न टोलीबाट हालसम्म भएका खोज, उद्धार र राहतका प्रयास तथा उपलब्धिहरूको समीक्षा गरिएको थियो।

विपद्को लामो समय बितिसक्दा जीवितै उद्धार गर्न सकिने सम्भावना न्यून बन्दै गएको र कार्यक्षेत्रमा खटिएका उद्धार टोली तथा जिल्ला सुरक्षा समितिबाट समेत हालको खोज तथा उद्धारको चरण स्थगन गर्न सिफारिस आएकाले सरकारले अब स्रोतसाधनलाई खोज तथा पुनःप्राप्तितर्फ केन्द्रित गर्ने निर्णय गरेको हो।

निर्णयअनुसार अब अति संवेदनशील र अत्यावश्यक खोज तथा उद्धार गर्नुपर्ने निश्चित स्थानमा बाहेक अन्य क्षेत्रमा नियमित उद्धारको सट्टा शव तथा संरचनाको पुनःप्राप्ति कार्य अगाडि बढाइनेछ। बैठकमा विपद्मा बेपत्ता भएका नागरिकको हकमा विद्यमान कानुनी व्यवस्थाले सिर्जना गरेको जटिलता र राहत वितरणमा परेको बाधाबारे समीक्षा गरिएको थियो।

मौजुदा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ तथा नियमावली, २०७६ मा मृत्यु हुने व्यक्तिको परिवारलाई न्यूनतम राहत उपलब्ध गराउने व्यवस्था भए पनि बेपत्ता भएका व्यक्तिलाई तत्काल मृतकसरह मानी राहत दिने कुनै स्पष्ट व्यवस्था छैन।

मुलुकी देवानी संहिता, २०७४ को दफा ४० अनुसार सामान्य अवस्थामा कुनै सूचनाबिना लगातार १२ वर्षदेखि बेपत्ता भएमा मात्र मृत्यु भएको मानिने कानुनी प्रावधान रहेको छ। यद्यपि, सोही संहिताले विशेष अवस्था र उमेरका आधारमा ८० वर्ष उमेर पुगेको व्यक्तिको हकमा बेपत्ता भएको पाँच वर्षपछि, युद्धस्थलमा खटिएको सैनिकको हकमा युद्ध समाप्त भएको चार वर्षपछि र हवाई, पानीजहाज वा सवारी दुर्घटनाको हकमा दुर्घटना भएको मितिले तीन वर्ष पूरा भएपछि मात्र अदालतबाट मृत्युको न्यायिक घोषणा गर्न सकिने व्यवस्था गरेको छ।

अदालतबाट यस्तो घोषणा भए पनि सम्बन्धित व्यक्ति जीवितै फर्केमा सो न्यायिक घोषणा बदर गर्न सकिने प्रावधान छ। यसका अतिरिक्त राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ को नियम १७ ले कोही व्यक्ति बेपत्ता भएको वा नाता कायम भएको अवस्थामा आधिकारिक निकायको प्रमाणीकरणबिना स्थानीय पञ्जिकाधिकारीले घटना दर्तातयर गर्न नसक्ने बाध्यात्मक व्यवस्था गरेको छ।

विद्यमान कानुनका यी लामो प्रक्रिया र बन्देजका कारण पीडित परिवारहरू तत्काल राहत तथा सामाजिक सुरक्षाबाट वञ्चित नहोऊन् भन्नाका खातिर कार्यकारी समितिले विशेष प्रशासनिक निकास दिने निर्णय गरेको छ। जसअनुसार बाढीमा बेपत्ता भएका नागरिकको स्थायी ठेगाना रहेका सम्बन्धित स्थानीय तहले विस्तृत विवरण प्रमाणित गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाउनेछन्। त्यसपछि जिल्ला प्रशासन कार्यालयले उक्त विवरण पुनः प्रमाणित गरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पठाउनेछ। सो विवरण प्राप्त भएपछि प्राधिकरणले तय गरेको विशेष कार्यविधिबमोजिम बेपत्ता नागरिकका परिवारलाई राहत तथा अन्य कानुनी प्रक्रिया अगाडि बढाउने निर्णय समितिले गरेको छ।

यसैगरी, बाढीका कारण घरबार गुमाएका नागरिकको अस्थायी आवास, पुनर्निर्माण तथा पुनःस्थापनासम्बन्धी कार्यलाई पनि तत्काल अघि बढाउने निर्णय बैठकले गरेको छ। हालसम्म प्राप्त विवरणअनुसार ७ स्थानीय तहका २७८ परिवारले तत्काल अस्थायी सेल्टरमा बस्न चाहेको विवरण पठाएका छन्। यसबाहेक रसुवाको गोसाइँकुण्ड गाउँपालिकाका ४०० परिवार तथा उत्तरगया र अन्य गाउँपालिकाका ३५० विस्थापित परिवार हाल नुवाकोटको विदुर नगरपालिकामा आश्रय लिइरहेकाले उहाँहरूको विकल्प छनोटको अन्तिम विवरण आउन बाँकी रहेको बताइएको छ।

विस्थापित परिवारको स्थायी पुनःस्थापना नहुञ्जेलका लागि भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला

*बाँकी तीन पृष्ठमा*

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

जनहीतका लागि

**रुपनी गाउँपालिका, सप्तरी**

# शिक्षा क्षेत्रमा नीतिगत सुधारदेखि 'डिजिटल' सेवा विस्तारसम्म

**सिबी अधिकारी**
काठमाडौँ, १५ असोज (रासस)।

शिक्षा तथा खेलकुद मन्त्रालयले सरकार गठन भएको पछिल्लो छ महिनामा शिक्षा, खेलकुद र सार्वजनिक सेवा प्रवाहका क्षेत्रमा विभिन्न नीतिगत तथा प्रणालीगत सुधार गरेको छ।

मन्त्रालयका अनुसार २०८२ चैत १३ देखि २०८३ असोज १२ गतेसम्म विभिन्न विश्वविद्यालयमा पदाधिकारी नियुक्ति, विद्यालय शिक्षा सुधार, खेलाडीलाई पुरस्कार, 'डिजिटल' सेवा विस्तार तथा नागरिक गुनासो सुनुवाइजस्ता क्षेत्रमा काम अघि बढाइएको छ।

मन्त्रालयका प्रवक्ता एवम् सहसचिव श्रीप्रसाद भट्टराईका अनुसार विश्वविद्यालयका उपकुलपति तथा शिक्षक सेवा आयोगका पदाधिकारी खुला र प्रतिस्पर्धात्मक प्रक्रियाबाट सिफारिस भएकामध्येबाट नियुक्त गरिएको छ।

विश्वविद्यालयमा दलीय विद्यार्थी सङ्गठनले प्रयोग गर्दै आएका भौतिक संरचना खाली गरी विद्यार्थी काउन्सिल गठनको प्रक्रिया अघि बढाइएको तथा स्नातक तहसम्म अध्ययनका लागि नागरिकता अनिवार्य नहुने व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ।

शिक्षा क्षेत्रमा कानुनी सुधारअन्तर्गत शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ मा संशोधनमार्फत विद्यालय व्यवस्थापनमा राजनीतिक प्रभाव न्यून गर्ने प्रयास गरिएको छ। संयुक्त तथा दोहोरो उपाधि कार्यक्रम, वृत्ति मार्गनिर्देशन सेवा, विदेशी शैक्षिक कार्यक्रम तथा शैक्षिक परामर्शसम्बन्धी नयाँ नियमावली र निर्देशिका जारी गरिएको मन्त्रालयको प्रगति विवरणमा उल्लेख छ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् नियमावलीमा छैटौँ संशोधन गरी राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप कार्यान्वयनको कानुनी आधार तयार गरिएको छ। यस्तै, जेन-जी आन्दोलनका सहिद परिवार तथा घाइतेलाई निःशुल्क शिक्षा प्रदान गर्ने मापदण्ड कार्यान्वयनमा ल्याइएको मन्त्रालयले जनाएको छ।

विद्यालय शिक्षातर्फ 'सिकाइ चौतारी' एपमार्फत ३६ हजार २८९ शिक्षकलाई अनलाइन अभिमुखीकरण गरिएको छ। मन्त्रालयका अनुसार पोर्टलमा दुई लाख २० हजार ७५० प्रयोगकर्ता छन्। यस्तै, चार लाख ५६ हजार ८२६ जनाले एप इन्स्टल गरेका छन्।

अटिजम तथा न्युरोडाइभर्सिटी भएका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न सातै प्रदेशमा नमूना केन्द्र स्थापना गर्ने तयारी गरिएको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जनका लागि विज्ञ टोली गठन गरिएको तथा सरोकारवालासँग परामर्श गरी विद्यालय शिक्षा विधेयकको मस्यौदा तयार गर्ने काम अघि बढाइएको भट्टराईले जानकारी दिनुभयो।

खेलकुदतर्फ अन्तरराष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्ने १०४ जना खेलाडीलाई रु १० करोड ८३ लाख ४८ हजार नगद पुरस्कार वितरण गरिएको मन्त्रालयले जनाएको छ। यस अवधिमा विभिन्न खेलका १९२ प्रतियोगितामा सहभागिता जनाउँदा नेपालले ५१ स्वर्ण, २२ रजत तथा १९ कास्य पदक प्राप्त गरेको विवरणमा उल्लेख छ।

'मिसन २०२६' अन्तर्गत राष्ट्रिय टोलीको तयारी तथा विशेष प्रशिक्षण सञ्चालन गरिएको छ। लामो समयदेखि रोकिएको दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको मिति र स्थान तोकेर तयारी अघि बढाइएको मन्त्रालयले जनाएको छ।

नेपाल स्काउटमार्फत ६९६ जनालाई स्काउट तालिम र ७० जनालाई विपद् व्यवस्थापनसम्बन्धी तालिम प्रदान गरिएको छ। विभिन्न सामाजिक तथा सांस्कृतिक गतिविधिमा २३ हजार १७५ जना स्वयंसेवक परिचालन गरिएको छ।

सार्वजनिक सेवा प्रवाहतर्फ मन्त्रालय र मातहतका निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरी कार्यविवरण तयार गरिएको छ। प्रमुख कार्य-सम्पादन सूचक र बिजनेस प्रोसेस रिइन्जिनियरिङ प्रतिवेदन तयार गरी कार्यान्वयनमा ल्याइएको मन्त्रालयले जनाएको छ।

नागरिकका गुनासो सुनुवाइका लागि बहुच्यानल हेल्पडेस्क स्थापना गरिएको छ। 'हेलो सरकार' अन्तर्गत प्राप्त २१२ वटा उजुरी तथा गुनासो सबै फछ्र्योट गरिएको छ।

परीक्षाको नतिजा प्रकाशनमा समय घटाइएको छ। माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजा परीक्षा सम्पन्न भएको एक महिनाभित्र र कक्षा १२ को नतिजा ४० दिनभित्र प्रकाशन गरिएको छ। विश्वविद्यालयमा ६५ दिनभित्र नतिजा प्रकाशन गर्ने अभ्यास सुरु गरिएको मन्त्रालयले जनाएको छ।

वैदेशिक अध्ययन अनुमति-पत्र (एनओसी) प्रक्रियालाई पूर्ण अनलाइन प्रणालीमा लैजान 'एनओसी अनलाइन' प्रणालीलाई १० वटा विश्वविद्यालयसँग अन्तरआबद्ध गरिएको छ। डिजिटल सिग्नेचर प्रमाणीकरण तथा जिआइओएमएससम्बन्धी काम सम्पन्न भएको मन्त्रालयको भनाइ छ।

मन्त्रालयका अनुसार त्रिभुवन विश्वविद्यालयलगायत विभिन्न विश्वविद्यालय, राष्ट्रिय खेलकुद परिषद्, नेपाल स्काउट, राष्ट्रिय परीक्षा बोर्ड, शिक्षा विभाग र पाठ्यक्रम विकास केन्द्रसँग सम्बन्धित विभिन्न कार्यदलको प्रतिवेदन कार्यान्वयन सुरु गरिएको छ।

त्रिभुवन विश्वविद्यालयमा अध्ययन बिदामा गएर तोकिएको समयमा नफर्किएका करिब ४०० प्राध्यापकबाट फिर्ता हुनुपर्नेमध्ये हालसम्म करिब रु १६ करोड ५० लाख फिर्ता भएको मन्त्रालयको विवरणमा उल्लेख छ।

मन्त्रालयले पछिल्लो छ महिनाका कामलाई सार्वजनिक सेवा प्रवाहमा प्रणालीगत सुधार, शिक्षा तथा खेलकुद क्षेत्रमा दीर्घकालीन नीतिगत तयारी र शैक्षिक सुशासन सुदृढ गर्ने प्रयासका रूपमा प्रस्तुत गरेको छ।

## *बाढी प्रभावित ...*

तथा सामान्य प्रशासन मन्त्रालयको मन्त्रिस्तरीय निर्णयबाट गठित जग्गा पहिचान तथा खोजी समितिले सरकारलाई बुझाएको प्रतिवेदनका आधारमा सुरक्षित स्थान छनौट गरिनेछ। सो प्रतिवेदनमा उल्लिखित जग्गामा सम्बन्धित स्थानीय तहको निर्णय, जिल्ला प्रशासन कार्यालय र प्राधिकरणको समन्वय तथा सहजीकरणमा पूर्वाधार विकास मन्त्रालयले विभिन्न विकास साझेदार संस्था परिचालन गरी अस्थायी आवास निर्माण गर्नेछ। साथै, यस बसोबास तथा पुनःस्थापनासम्बन्धी कार्यलाई सहज बनाउन विद्यमान कानुनी व्यवस्थामा आवश्यक परिमार्जन गर्न सम्बन्धित निकायले कानुनी प्रक्रिया अघि बढाउने निर्णयसमेत गरिएको छ।

बैठकले भोटेकोशी बाढी तथा त्यसपछिका मनसुनजन्य विपद्का घटनामा प्रतिकूल मौसम र भौगोलिक विकटताका बीच पनि अहोरात्र खटिने नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, स्थानीय प्रशासन, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, स्वास्थ्यकर्मी, स्वयंसेवक, निजी क्षेत्र, गैरसरकारी सङ्घसंस्था, नागरिक समाज, जनसमुदाय र सञ्चारकर्मीको प्रशंसा गर्दै धन्यवाद व्यक्त गरेको छ।

साथै, विपद्को यस कठिन घडीमा स्वदेश तथा विदेशबाट नगद, खोज, उद्धार तथा राहत सामग्री उपलब्ध गराउने सहयोगी र फरेन्सिक विशेषज्ञ टोली पठाएर सहयोग पुऱ्याउने सम्पूर्ण मित्रराष्ट्रप्रति बैठकले औपचारिक रूपमा कृतज्ञता ज्ञापन गरेको छ।


# विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

जनहीतका लागि

**महादेवा गाउँपालिका, सप्तरी**


# विश्व समाचार

## मोदीद्वारा भारतीय पाइलटको प्रशंसा

मुम्बई, १५ असोज (रासस/एएफपी)।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दुबई-तेल अभिभ उडानमा सह-पाइलटसँग विमानको नियन्त्रणका लागि सङ्घर्ष गर्दा घाइते हुनुभएका भारतीय क्याप्टेन स्मित मच्छरको साहसको प्रशंसा गर्नुभएको छ। उहाँले क्याप्टेन मच्छरलाई 'नायक' भन्दै गम्भीर खतराबीच पनि अरूको ज्यान जोगाउन उहाँले देखाउनुभएको साहस र दृढताको प्रशंसा गर्नुभएको हो। फ्लाईदुबईको उक्त उडानमा रहेका सबै १७४ यात्रु सुरक्षित रहेको एयरलाइन्सले जनाएको छ। सञ्चारमाध्यमका अनुसार तीमध्ये १६६ जना इजरायली नागरिक थिए। विमानमा सह-पाइलटसँगको सङ्घर्षका क्रममा क्याप्टेन मच्छर घाइते हुनुभएको थियो। मोदीले सामाजिक सञ्जालमा जारी गर्नुभएको सन्देशमा गम्भीर रूपमा घाइते भए पनि क्याप्टेन मच्छरले असाधारण साहस र अटुट सङ्तलस्कल्पका साथ अरूको जीवन रक्षा गर्नुभएको बताउनुभएको छ। उहाँको वीरताले ठूलो दुर्घटना रोक्न र सयौँको ज्यान जोगाउन सहयोग पुगेको उल्लेख गर्दै मोदीले क्याप्टेन मच्छरको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ। यसअघि इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले पनि क्याप्टेन मच्छरको असाधारण बहादुरीको प्रशंसा गर्नुभएको थियो। घाइते अवस्थामा पनि उहाँले विमानमा हुन सक्ने ठूलो दुर्घटना रोक्न सङ्घर्ष गर्नुभएको नेतान्याहुले बताउनुभएको थियो।

भारतीय सञ्चारमाध्यमका अनुसार ३० वर्षीय क्याप्टेन मच्छर मुम्बईका हुनुहुन्छ। उहाँका अभिभावक उपचाररत उहाँलाई भेट्न साउदी अरेबिया पुग्नुभएको बताइएको छ। मच्छरसँग बोइङ-७३७ विमानमा १३ वर्षभन्दा बढीको व्यावसायिक उडान अनुभव रहेको र सन् २०२२ देखि फ्लाईदुबईका लागि उडान गर्दै आउनुभएको उहाँको लिङ्कडइन विवरणमा उल्लेख छ। उहाँले यसअघि भारतीय एयरलाइन्स स्पाइसजेटमा पनि काम गर्नुभएको थियो। क्याप्टेन मच्छरले सन् २०२५ मा एक पोडकास्टमा आफ्नो पाइलट बन्ने यात्राबारे बताउनुभएको थियो। परिवारको कपडा व्यवसायमा सहयोग गर्न व्यवस्थापन अध्ययन गरिरहेका बेला एउटा सेमिनारमा सहभागी भएपछि आफू उड्डयन क्षेत्रमा आकर्षित भएको उहाँले बताउनुभएको थियो। पहिलो व्यावसायिक उडानलाई जिम्मेवारीका कारण चुनौतीपूर्ण अनुभवका रूपमा स्मरण गर्दै उहाँले उडान क्षेत्रमा काम गर्दा दबाब सामना गर्न सिकेको बताउनुभएको थियो। "तनावले कम्तीमा यस उद्योगमा मद्दत गर्ने छैन", उहाँले भन्नुभएको थियो।

## इराकबाट अमेरिकी सेना फिर्ता

वासिङ्टन, १५ असोज (रासस/क्युएनए)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इराकमा इस्लामिक स्टेट (आइएसआइएस) विरुद्धको सैन्य अभियान पूरा भएको दाबी गर्दै त्यहाँबाट अमेरिकी सेना फिर्ता भएको घोषणा गर्नुभएको छ। उहाँले अमेरिकी सेना फिर्तीलाई संयुक्त राज्य अमेरिका र इराक दुवैको विजयका रूपमा चित्रण गर्नुभएको छ। ट्रम्पले बिहीबार आफ्नो'ट्रुथ सोसल' प्लेटफर्ममार्फत इराकबाट अमेरिकी सेना फिर्ता भएको घोषणा गर्नुभएको हो। उहाँका अनुसार आइएसआइएसलाई परास्त गर्ने अमेरिकी सेनाको मिसन पूरा भएपछि 'अपरेसन इनहेरन्ट रिजोल्व' अन्त्य गरिएको हो। उहाँले इराकबाट अमेरिका फर्किने निर्णयलाई आफ्नो पहिलो कार्यकालमा सुरु गरिएको अभियानको निष्कर्षका रूपमा प्रस्तुत गर्नुभएको छ। ट्रम्पले आफ्नो पहिलो प्रशासनका क्रममा आइएसआइएसलाई पूर्ण रूपमा परास्त गरिएको दाबी गर्दै त्यसका लागि आवश्यक सैन्य उपकरण उपलब्ध गराउनुका साथै अमेरिकी सेनाको अस्थायी उपस्थिति स्थायी बन्न नि▪ स्दने स्पष्ट नीति लिएको बताउनुभयो। ट्रम्पले इराकमा अमेरिकी सेना राखिरहने वा स्वदेश फर्काउनेमध्ये एउटा विकल्प रोज्नुपर्ने अवस्था आएको उल्लेख गर्दै अब अमेरिकी सेना घर फर्कने समय भएको निष्कर्षमा पुगेको बताउनुभयो। उहाँले इराकमा नयाँ प्रधानमन्त्रीको नेतृत्वमा नयाँ अवस्था सिर्जना भएको उल्लेख गर्दै आफूले सुरुदेखि नै उहाँलाई समर्थन गरेको र अहिले पनि पूर्ण समर्थन रहेको बताउनुभयो। यसअघि अमेरिकी सेन्ट्रल कमान्ड (सेन्टकम) ले इराकमा 'अपरेसन इनहेरन्ट रिजोल्व' अन्तर्गतको मिसन अन्त्य भएको घोषणा गरेको थियो। सेन्टकमका अनुसार इराकको इरबिल एयर बेसबाट अमेरिकी सेना तथा सैन्य उपकरण फिर्ता गर्ने काम व्यवस्थित रूपमा सम्पन्न भएको छ। ट्रम्पले अमेरिकी सेना फिर्तीलाई आइएसआइएसमाथिको निर्णायक विजयसँग जोड्दै संयुक्त राज्य अमेरिका र इराक दुवैका लागि उपलब्धिका रूपमा व्याख्या गर्नुभएको छ।

## इरानी गार्डद्वारा अमेरिकी फिर्तीको स्वागत

तेहरान, १५ असोज (रासस/एएफपी)।

इरानको इस्लामिक रिभोलुसनरी गाड्र्सले इराकबाट अमेरिकी सेनाको फिर्तीलाई 'ऐतिहासिक विजय' का रूपमा स्वागत गर्दै अमेरिकालाई पश्चिम एसियाबाट पूर्ण रूपमा बाहिरिन आह्वान गरेको छ। रिभोलुसनरी गाड्र्सले बिहीबार जारी गरेको विज्ञप्तिमा इराकी जनता, इस्लामिक प्रतिरोधको संयुक्त मोर्चा र इस्लामिक विश्वका क्रान्तिकारी लडाकूलाई अमेरिकी सेनाको फिर्तीका लागि बधाई दिइएको छ। गाड्र्सको आधिकारिक सञ्चारमाध्यमले विज्ञप्ति सार्वजनिक गरेको हो। इस्लामिक स्टेट (आइएस) विरुद्ध लड्न सन् २०१४ मा इराक र सिरियामा तैनाथ गरिएको अमेरिकी नेतृत्वको गठबन्धनले बुधबार आफ्नो सैन्य अभियान औपचारिक रूपमा सम्पन्न गर्दै इराकबाट फिर्ती भएको थियो। आइएसले कुनै समय दुवै देशको ठूलो भूभाग कब्जा गरेको थियो। इराकमा सन् २०१७ र सिरियामा सन् २०१९ मा आइएस पराजित भए पनि गठबन्धन सेनाले त्यसका बाँकी समूहविरुद्ध कारबाही जारी राखेको थियो। रिभोलुसनरी गाड्र्सले अमेरिकी सेनाको उपस्थितिले क्षेत्रीय सुरक्षा सुनिश्चित नगरेको दाबी गर्दै अमेरिकाले पश्चिम एसिया छाडेर सुरक्षा व्यवस्थापन सम्बन्धित राष्ट्रलाई नै सुम्पिनुपर्ने बताएको छ। दुई दशक लामो अमेरिकी उपस्थितिले क्षेत्रीय असुरक्षा, आतङ्कवाद र अस्थिरता बढाएको उसको आरोप छ। इराक र अमेरिकाले सन् २०२४ मा गठबन्धनको मिसन अन्त्य गर्ने सहमति गरेका थिए। त्यसपछि गठबन्धनमा आबद्ध सेना इराकभरका आफ्ना आधारबाट क्रमशः फिर्ता हुँदै आएका थिए। पछिल्लो समय उनीहरूको उपस्थिति इराकको स्वायत्त उत्तरी कुर्दिस्तान क्षेत्रमा सीमित थियो। इराकी सरकारले गठबन्धन सेनाको फिर्तीपछि इरान समर्थित शक्तिशाली सशस्त्र समूहले हतियार कायम राख्न प्रयोग गर्दै आएको एउटा प्रमुख बहाना हटेको बताएको छ। यसैबीच इराकी प्रधानमन्त्री अली अल-जैदीले बिहीबार सशस्त्र समूहलाई आफ्ना हतियार राज्यलाई हस्तान्तरण गर्न जुन ३० सम्मको नयाँ समयसीमा घोषणा गर्नुभएको छ।

# सार्वजनिक सवारीमा अग्निनियन्त्रक यन्त्र अनिवार्य गरिँदै

काठमाडौँ, १५ असोज (रासस)। काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले यात्रुवाहक सार्वजनिक सवारीसाधनलाई थप सुरक्षित, व्यवस्थित र यात्रुमैत्री बनाउन बाटो इजाजत (रुट परमिट) सँगै अग्निनियन्त्रक यन्त्र अनिवार्य गराउने तयारी गरेको छ।

उपत्यका ट्राफिक प्रहरी कार्यालयले सार्वजनिक सवारीसाधनको नियमित अनुगमनलाई प्रभावकारी बनाउँदै यात्रुको सुरक्षासँग प्रत्यक्ष जोडिएका विषयमा कडाइ गर्ने तयारी गरेको हो।

त्यसका लागि सम्बन्धित निकायसँगको समन्वयमा सार्वजनिक सवारीको अवस्था, आवश्यक कागजात, रुट परमिट तथा सुरक्षा उपकरणको नियमित परीक्षण गरिने भएको छ।

सार्वजनिक यातायातका साधन सञ्चालन गर्दा सम्बन्धित रुटको अनुमति लिनुपर्ने व्यवस्था भए पनि कतिपय सवारीसाधन आवश्यक कागजातबिना वा तोकिएको रुटभन्दा बाहिर सञ्चालन हुने गरेको गुनासो आउने गरेको प्रहरीले जनाएको छ। त्यस्ता गतिविधिलाई नियन्त्रण गर्न रुट परमिटको व्यवस्थामा कडाइ गर्न लागिएको हो।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेले सार्वजनिक सवारीसाधनमा अग्निनियन्त्रक यन्त्र अनिवार्य गर्ने तयारी भइरहेको जानकारी दिनुभयो।

उहाँका अनुसार सवारीसाधनमा विद्युतीय तथा प्राविधिक समस्या, इन्धन चुहावटलगायतका कारणले जुनसुकै बेला आगलागी हुनसक्ने भएकाले प्रारम्भिक अवस्थामा नै आगो नियन्त्रण गर्न सकिने उपकरण सवारीमै राख्न आवश्यक छ। उहाँले भन्नुभयो, "सबै सार्वजनिक सवारीमा उक्त नियम कडाइका साथ लागू गरिनेछ।"

सार्वजनिक सवारीमा प्रयोगयोग्य अवस्थामा रहेको अग्निनियन्त्रक यन्त्र राख्नुपर्ने व्यवस्था गर्न लागिएको उहाँको भनाइ छ।

ट्राफिक प्रहरी प्रवक्ता नरेशराज सुवेदीले सार्वजनिक सवारीसाधनको अवस्था, चालकको क्षमता, आवश्यक कागजात, रुट परमिट, अग्निनियन्त्रक यन्त्रको अवस्था र प्रयोगयोग्यताको नियमित अनुगमन गरिने बताउनुभयो।

"अनुगमनका क्रममा अग्निनियन्त्रक यन्त्रलगायतका मापदण्ड पूरा नगरेका सवारीसाधनलाई कारबाहीको दायरामा ल्याइनेछ," उहाँले भन्नुभयो, "यात्रुको सुरक्षा पहिलो प्राथमिकता हो। यात्रुको सुरक्षा सुनिश्चितताका लागि बाटो इजाजत (रुट परमिट) लगायतका मापदण्ड पूरा गर्नु अनिवार्य सर्त हो।"

चाडपर्व तथा अन्य समयमा सार्वजनिक यातायातमा यात्रुको चाप बढ्ने र सवारीसाधनको आवागमन बढी हुने भएकाले दुर्घटना तथा अन्य जोखिम न्यूनीकरणका लागि सुरक्षा मापदण्डको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको प्रवक्ता सुवेदीको भनाइ छ।

ट्राफिक प्रहरीले सार्वजनिक सवारीधनी तथा व्यवसायीलाई प्रचलित कानुन र सुरक्षा मापदण्ड पूर्ण रूपमा पालना गर्न आग्रह गरेको छ।

यस्तै, यात्रुको सुरक्षामा प्रत्यक्ष असर पार्ने विषयमा लापरबाही नगर्न तथा सवारीसाधनको नियमित परीक्षण र मर्मतसम्भार गर्न आग्रह गरेको छ।

# 'स्वास्थ्य प्रणाली सुधारमा रोग नियन्त्रण केन्द्रको भूमिका महत्वपूर्ण'

काठमाडौँ, १५ असोज (रासस)। स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले प्रस्तावित रोग नियन्त्रण केन्द्र (सिडिसी), खाद्य तथा औषधि प्रशासन (एफडिए) र राष्ट्रिय स्वास्थ्य प्रत्यायन प्राधिकरण (एनएचएए)ले रोग नियन्त्रण, औषधि तथा खाद्य नियमन र स्वास्थ्य सेवाको गुणस्तर सुधारका लागि महत्वपूर्ण भूमिका खेल्ने बताउनुभएको छ। उहाँले यी तीनवटै संरचना निर्माण गर्दा विद्यमान संस्थाको विशेषज्ञता, जनशक्ति र अनुभवलाई संरक्षण गर्नुपर्ने बताउनुभयो।

यहाँ बुधबार आयोजित सिडिसी, एफडिए तथा एनएचएए स्थापनासम्बन्धी कार्यशाला गोष्ठीमा मन्त्री मेहताले औषधि तथा खाद्य नियमनमा रहेको दोहोरोपन र जिम्मेवारीको अस्पष्टता हटाउँदै औषधि, खोप, स्वास्थ्य उपकरण, रोग परीक्षण सामग्रीलगायतको नियमनलाई व्यवस्थित गर्नुपर्ने बताउनुभयो। एनएचएएले स्वास्थ्य संस्थाको बाह्य मूल्याङ्कन तथा गुणस्तर प्रत्यायनको प्रणाली विकास गर्न सक्ने उहाँले बताउनुभयो।

त्यस्तै, सिडिसीलाई रोग निगरानी, महामारी तयारी तथा आकस्मिक प्रतिकार्यमा सङ्घीय तहको प्राविधिक नेतृत्व गर्ने संरचनाका रूपमा विकास गर्न सकिने मन्त्री मेहताको भनाइ थियो।

"सुधार रूपान्तरणका लागि हुनुपर्छ, विकृतिका लागि होइन", उहाँले भन्नुभयो, "हाम्रो उद्देश्य संस्था बनाउनु मात्रै होइन, स्वास्थ्य प्रणाली बलियो बनाउनु हो।"

मन्त्री मेहताले प्रस्तावित तीनवटै संरचनाको अन्तिम स्वरूप तत्काल निर्धारण गर्ने चरणमा मन्त्रालय नरहेको स्पष्ट पार्नुभयो। हाल मस्यौदा, कार्यढाँचा र मार्गचित्र तयार गर्ने चरणमा रहेको बताउँदै उहाँले संरचना निर्माणका क्रममा सम्बन्धित सरोकारवाला, प्रदेश तथा स्थानीय तह, निजी क्षेत्र, स्वास्थ्यकर्मी, विज्ञ तथा शैक्षिक क्षेत्रसँग चरणबद्ध रूपमा छलफल गरिने जानकारी दिनुभयो।

# सङ्घीय निजामती विधेयक संसद्मा दर्ता

काठमाडौँ, १५ असोज (रासस)। सरकारले बहुप्रतिक्षित सङ्घीय निजामती सेवा विधेयक, २०८३ सङ्घीय संसद् सचिवालयमा दर्ता गरेको छ। सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले बिहीबार उक्त विधेयक संसद्मा दर्ता गर्नुभएको सचिवालयका प्रवक्ता एकराम गिरीले जानकारी दिनुभयो।

सरकारी विधेयकका रुपमा प्रस्तुत सो विधेयकको दर्ता नं ३५ रहेको छ। यही असोज १३ गतेको मन्त्रिपरिषद् बैठकले सङ्घीय निजामती सेवासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सङ्घीय संसद्समक्ष पेस गर्न स्वीकृति दिएको थियो।

सरकारले सङ्घीय शासन प्रणालीअनुसार सङ्घ, प्रदेश र स्थानीय तहबीचको प्रशासनिक सम्बन्ध, कार्यक्षेत्र र सहकार्यलाई व्यवस्थित, स्पष्ट र प्रभावकारी बनाउँदै प्रशासनिक संयन्त्रलाई राजनीतिक प्रभावबाट मुक्त गरी निजामती सेवालाई व्यावसायिक, सक्षम, उत्तरदायी र जनमुखी बनाउन विधेयक आवश्यक परेको स्पष्ट पारेको छ।

विधेयकमा निजामती सेवालाई राष्ट्रहित र सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध र सुशासनमुखी संयन्त्रका रुपमा विकास गर्ने लक्ष्य राखिएको छ।

# राष्ट्रपतिद्वारा शुक्रबार राति १२ बजेदेखि दुवै सदनको चालु अधिवेशन अन्त्य

काठमाडौँ, १५ असोज (रासस)। राष्ट्रपति रामचन्द्र पौडेलले मन्त्रिपरिषद्को सिफारिसमा यही असोज १६ गते राति १२:०० बजेदेखि सङ्घीय संसद्को दुवै सदनको चालु अधिवेशन अन्त्य गर्नुभएको छ।

राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को यही असोज १३ गतेको सिफारिसमा सङ्घीय संसद्को दुवै सदनको चालु अधिवेशन अन्त्य गर्नुभएको राष्ट्रपति कार्यालयका प्रवक्ता कृष्णबहादुर शाहीद्वारा बिहीबार जारी विज्ञप्तिमा उल्लेख छ।

# 'ज्येष्ठ नागरिक अनुभव बैंक' बनाउँदै महिला, बालबालिका मन्त्रालय

काठमाडौँ, १५ असोज (रासस)। महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयले ज्येष्ठ नागरिकसँग जीवनभर सञ्चित ज्ञान, सीप, अनुभव र जीवनका सिकाइलाई संरक्षण गरी नयाँ पुस्तासम्म हस्तान्तरण गर्ने उद्देश्यले 'ज्येष्ठ नागरिक अनुभव बैंक' निर्माण तथा विकासको प्रक्रिया अघि बढाएको छ।

छत्तिसौँ अन्तरराष्ट्रिय ज्येष्ठ नागरिक दिवसका अवसरमा मन्त्रालयले ज्येष्ठ नागरिकलाई केवल हेरचाह र संरक्षण आवश्यक पर्ने समूहका रूपमा नभई राष्ट्रका ज्ञान, सीप र अनुभवका अमूल्य स्रोतका रूपमा स्थापित गर्दै उहाँहरूको अनुभवलाई भावी पुस्तासँग जोड्ने नयाँ अवधारणा अघि सारेको हो।

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादीले ज्येष्ठ नागरिकसँग सञ्चित ज्ञान, सीप, अनुभव र जीवनका सिकाइ राष्ट्रका अमूल्य बौद्धिक तथा सामाजिक सम्पदा भएको बताउनुभएको छ।

"ज्येष्ठ नागरिकसँग सञ्चित ज्ञान, सीप, अनुभव र जीवनका सिकाइ राष्ट्रका अमूल्य बौद्धिक तथा सामाजिक सम्पदा हुन्। ती अनुभवको संरक्षण, अभिलेखीकरण र पुस्तान्तरणलाई संस्थागत रूप दिन डिजिटल प्रविधिको उपयोगसहित 'ज्येष्ठ नागरिक अनुभव बैंक' निर्माण तथा विकासको प्रक्रिया अघि बढाइएको छ", मन्त्री बादीले भन्नुभएको छ।

उहाँका अनुसार यस पहलले एक पुस्ताले आर्जन गरेको ज्ञान र अनुभवलाई अर्को पुस्ताको मार्गदर्शनमा रूपान्तरण गर्दै अन्तरपुस्ता ज्ञान हस्तान्तरणलाई सुदृढ बनाउनेछ।

मन्त्रालयले अघि बढाएको अनुभव बैंकले ज्येष्ठ नागरिकप्रतिको परम्परागत दृष्टिकोणलाई फराकिलो बनाउने लक्ष्य राखेको छ। सामाजिक सुरक्षा, स्वास्थ्य, हेरचाह र संरक्षणसँगै उहाँहरूसँग रहेको ज्ञान, सीप र जीवन अनुभवलाई समाज तथा भावी पुस्ताका लागि उपयोग गर्ने यसको मूल अवधारणा हो।

मन्त्री बादीले ज्येष्ठ नागरिकलाई केवल संरक्षण र हेरचाहको आवश्यकता भएका व्यक्तिका रूपमा नभई समाजका सक्रिय, अनुभवी, सम्मानित र अपरिहार्य साझेदारका रूपमा हेर्नुपर्ने बताउनुभएको छ।

ज्येष्ठ नागरिकले आफ्नो जीवनकालमा कृषि, उद्यम, पेसा, शिक्षा, प्रशासन, कला-संस्कृति, परम्परागत ज्ञान, सामाजिक जीवन तथा विभिन्न व्यावहारिक क्षेत्रमा आर्जन गरेका अनुभवलाई डिजिटल प्रविधिको उपयोगसहित अभिलेखीकरण गरी पुस्तान्तरणलाई संस्थागत गर्ने सोच मन्त्रालयको छ।

अनुभव बैंकको मुख्य आधार अन्तरपुस्ता ज्ञान हस्तान्तरण हुनेछ। ज्येष्ठ नागरिकले दशकौँको अभ्यास र जीवनयात्राबाट आर्जन गरेको ज्ञान र अनुभव उहाँहरूसँगै हराएर जान नदिइ त्यसलाई भावी पुस्ताका लागि सुरक्षित र उपयोगी बनाउने उद्देश्य राखिएको छ।

अनुभव बैंकमार्फत ज्येष्ठ नागरिकसँग रहेको ज्ञान र सीपलाई व्यवस्थित रूपमा अभिलेखीकरण गर्दै नयाँ पुस्तालाई त्यससँग जोड्ने आधार तयार हुनेछ। त्यसलाई क्रमशः विकास गर्दै विद्यार्थी, युवा तथा नयाँ पुस्ताले ज्येष्ठ नागरिकको ज्ञान, अनुभव र जीवनका सिकाइबाट निःशुल्क रूपमा सिक्न र मार्गदर्शन लिनसक्ने माध्यमका रूपमा विकास गर्ने अवधारणा रहेको छ।

एक पुस्ताले लामो समय लगाएर आर्जन गरेको अनुभव अर्को पुस्ताका लागि मार्गदर्शन बन्ने र समाजमा रहेको व्यावहारिक तथा परम्परागत ज्ञानको पुस्तान्तरणलाई यसले थप सुदृढ बनाउने अपेक्षा गरिएको छ।

मन्त्रालयको अवधारणाले ज्येष्ठ नागरिकलाई राज्यबाट सेवा र सुविधा प्राप्त गर्ने लाभग्राहीका रूपमा मात्र नभई ज्ञान दिने, सीप बाँड्ने, अनुभव हस्तान्तरण गर्ने र नयाँ पुस्तालाई मार्गदर्शन गर्ने ज्ञानदाताका रूपमा स्थापित गर्ने लक्ष्य राखेको छ।

मन्त्री बादीले भन्नुभयो, "वास्तविक सम्मान त्यतिबेला स्थापित हुने छ, जब ज्येष्ठ नागरिकका अनुभव सुनिन्छन्, उहाँहरूको ज्ञानलाई सम्मानपूर्वक उपयोग गरिन्छ र सामाजिक तथा निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिताको वातावरण निर्माण हुन्छ।"

उहाँले बदलिँदो पारिवारिक संरचना, बसाइँसराइ, सहरीकरण र जीवनशैलीसँगै ज्येष्ठ नागरिकको स्वास्थ्य, सामाजिक सुरक्षा, हेरचाह, एक्लोपन र सामाजिक सहभागितासँग सम्बन्धित नयाँ चुनौती देखिएको उल्लेख गर्नुभएको छ।

उहाँहरूको जीवनलाई सुरक्षित, मर्यादित र अर्थपूर्ण बनाउनु परिवार, समुदाय, समाज र राज्य सबैको साझा दायित्व भएको मन्त्री बादीले बताउनुभएको छ।

# प्रस्तावित निजामती सेवा विधेयक: निजामती प्रशासनमा 'आमूल परिवर्तन' आउने अपेक्षा

काठमाडौँ, १५ असोज (रासस)। भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले सङ्घीय निजामती सेवा विधेयकले निजामती सेवाको कार्यसम्पादन र जवाफदेहितामा 'प्याराडाइम सिफ्ट' ल्याउने अपेक्षा गरिएको बताउनुभएको छ।

सामाजिक सञ्जालमार्फत बिहीबार धारणा सार्वजनिक गर्दै उहाँले गहन अध्ययन तथा व्यापक छलफलपछि विधेयकलाई अन्तिम रूप दिइएको बताउनुभएको हो।

उहाँले विधेयकले निजामती सेवालाई थप सक्षम, प्रभावकारी, दक्ष, उत्तरदायी र परिणाममुखी बनाउने उल्लेख गर्नुभएको छ। साथै, सङ्घीय शासन प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न महत्वपूर्ण आधार प्रदान गर्नुका साथै सुशासन र सार्वजनिक प्रशासन सुधारको दिशामा विधेयक महत्वपूर्ण कोसेढुङ्गा बन्ने विश्वास व्यक्त गर्नुभएको छ।

मन्त्री रावलले मन्त्रालयको जिम्मेवारी सम्हाल्दा सहकारीपीडितको बचत फिर्ता प्रक्रिया अघि बढाउने, भूमिहीनलाई लालपुर्जा वितरणलाई गति दिने, लामो समयदेखि पारित हुन नसकेको सङ्घीय निजामती सेवा विधेयक टुङ्गोमा पुर्‍याउने तथा सार्वजनिक प्रशासन सुधार र सुशासनका लागि बलियो आधार निर्माण गर्ने प्राथमिकता तय गरेको बताउनुभएको छ।

भूमि प्रशासनलगायत क्षेत्रमा डिजिटलाइजेसन तथा अटोमेसनमार्फत सेवा प्रवाहलाई सरल, छिटो, पारदर्शी र प्रविधिमैत्री बनाउने लक्ष्यसमेत अघि सारिएको उहाँले उल्लेख गर्नुभएको छ। यी प्राथमिकतामध्ये अधिकांश कामको सुरुआत भइसकेको र अब ती कामलाई थप तीव्र गतिमा अघि बढाउने चरणमा प्रवेश गरेको मन्त्री रावलको भनाइ छ।

उहाँले सङ्घीय निजामती सेवा विधेयक संसद्को जिम्मामा पुर्‍याइएको उल्लेख गर्दै संसद्मा हुने गहन छलफल र आवश्यक प्रक्रियापछि विधेयक छिट्टै पारित भई नेपालको सार्वजनिक प्रशासनलाई अझ सक्षम, उत्तरदायी र परिणाममुखी बनाउन बलियो आधार तयार हुने अपेक्षा व्यक्त गर्नुभएको छ।

यही असोज १३ गते बसेको मन्त्रिपरिषद्को बैठकले उक्त विधेयकलाई सङ्घीय संसद्समक्ष पेस गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको थियो। बिहीबारै मन्त्री रावलले विधेयक संसद् सचिवालयमा दर्ता गर्नुभएको हो।

*अस्पताललाई ...*

मन्त्रालयलाई जानकारी गराउन बैठकले सिफारिस गरेको छ।

त्यस्तै, बैठकले अस्पताल सञ्चालनका क्रममा देखिएका प्रशासनिक तथा व्यावहारिक समस्या समाधान गर्न सबै राजनीतिक दल, स्थानीय संघसंस्था र नागरिक समाजबाट सहयोग तथा समन्वय आवश्यक रहेको जनाएको छ।

बैठकको निष्कर्षमा "मृत्युको होइन, जीवनको गन्तव्य बनोस् अस्पताल" भन्ने सन्देशसमेत उल्लेख गरिएको छ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*